मिति २०७९/४/२६ का.पा. बैठक सं १-०७९/८०

## कार्यपालिका बैठकका निर्णयहरु

प्रस्तावहरुः

१. स्थानीय दररेट स्वीकृती सम्वन्धमा
२. स्थानीय भू- उपयोग परिषद गठन सम्वन्धमा
३. गाँउ शिक्षा समिति पुनर्गठन सम्वन्धमा
४. आय ठेक्का संचालन सम्वन्धमा

## निर्णयहरु

**१. स्थानीय दररेट स्वीकृती सम्वन्धमा**

विकास निर्माणमा प्रयोग हुने वस्तु तथा सेवाको लागत अनुमान तयार गर्नको लागि उक्त वस्तु तथा सेवाको स्थानीय दररेट कायम गर्नपर्ने कानूनी व्यवस्था अनुरुप आ.व.२०७९/८० का लागि रुपन्देही जिल्लाको लागि स्वीकृत जिल्ला दररेटलाई नै यस स्थानीय तहमा समेत लागु गर्ने गरी सोही दररेट लाई आधार मानि यस गाँउपालिकाको प्राविधिक शाखावाट तयार भई पेश भएको Rate analysis हरु स्वीकृत गर्ने।

**२. स्थानीय भू- उपयोग परिषद गठन सम्वन्धमा**

ओमसतिया गाँउपालिका क्षेत्र भित्रको भूमिको समुचित उपयोग तथा सार्वजनिक हितलाई मध्यनजर राखी यस क्षेत्रको भूबनोट, भूमिको उपर्युक्तता, भूमिको मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा भूमिको वर्गीकरण गर्ने प्रयोजनार्थ भू-उपयोग ऐन, २०७६ को दफा १८ को उपदफा १ बमोजिम यस गाँउपालिकाको कार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरु रहने गरी भू-उपयोग परिषद गठन गर्ने।

**३. गाँउ शिक्षा समिति पुनर्गगठन सम्वन्धमा**

शिक्षा ऐन २०२८ को दफा ११ ट वमोजिम यस गाँउपालिकाको लागि देहाय अनुसार गाँउ शिक्षा समिति गठन गर्ने

| | |
|---|---|
| मन्जित कुमार यादव, गा.पा. अध्यक्ष | - अध्यक्ष |
| अखिलेश्वर पाण्डे, कार्यपालिका सदस्य | - सदस्य |
| राजकुमारी चौधरी, वडा सदस्य | - सदस्य |
| रमा अर्याल, प्र.अ. | - सदस्य |
| राज महेन्द्र राय, प्र.अ | - सदस्य |
| हरि प्रसाद पोखरेल, शिक्षा अधिकृत | - सदस्य सचिव |

अन्य सदस्यहरु शिक्षा ऐन बमोजिम गाँउ शिक्षा समितिले मनोनयन गर्नेछ।

०७९/४/२६

**सागर गौतम**
**प्रमुख प्रशासकीय अधिकृत**

४. आय ठेक्का सञ्चालन सम्वन्धमा

क). यस गाँउपालिकाको वडा नं १ स्थित ठूटिपिपल हाटवजारको लागि मिति २०७९/३/३१ गतेको कार्यापालिका वैठकको निर्णय बमोजिम चालु आ.ब. को ठेक्का बन्दोवस्तको लागि सूचना आव्हान भएको र पहिलाको आ.ब. मा सम्झौता भएको ठेक्काको म्याद २०७९ श्रावण मसान्तमा सकिने हुदा २०७९ भाद्र १ गतेदेखि यस आर्थिक बर्षको सम्झौता नहुदा सम्मको लागि वडा नं १ को कार्यालयबाट कर्मचारी तथा नगर प्रहरी परिचालन गरि वैठकी दस्तुर संकलन गर्ने व्यवस्था मिलाउने ।

ख) यस गाँउपालिकाबाट विगतमा ठेक्का भएका वडा नं ६ स्थित माछापोखरीहरुको सम्झौता बमोजिमको रकम जम्मा नगरेका व्यक्तिहरुलाई पत्र प्राप्त भएको मितिले १० दिनभित्र तोकिएको जरिमाना सहित रकम जम्मा गर्नको लागि ताकेता गर्ने भनि कार्यपालिकाको यस अगाडिको वैठकको निर्णय बमोजिम सम्वन्धित ठेकदारहरुलाई परिपत्र भएकोमा केदार यादवको नाममा रहेको ठेक्का नं ORM-28/076/77 र राजेन्द्र हरिजनको नाममा रहेको ठेक्का नं ORM-32-7076/77 को रकम वक्यौता रहेको र अन्यको बाँकी रकम असूली भएको व्यहोरा जानकारी भयो । विगतका वडा नं ५ को कार्यालयबाट ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेका विवरण हालसम्म पनि उक्त वडा कार्यालयबाट प्राप्त नभएकोले यथासिघ्र सम्वन्धित कार्यालयले कार्यपालिकामा विवरण पेश गर्ने र अर्को वैठकमा बक्यौता बाँकी रहेका गाँउपालिका स्थित माछापोखरीहरुको सम्वन्धमा आवश्यक निर्णय लिने ।

०७९/४/२५

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत